नेपाल सरकार
# रक्षा मन्त्रालय

नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

फोन नं.: ४२११२८९, ४२११२८७, ४२११४८७, ४२११२९०, ४२११०९५, ४२११६५३, ४२११२८५, ४२११२९६, ४२०००४४
फ्याक्स नं.: ४२११२९४
सिंहदरवार, काठमाडौं, नेपाल

## प्रेस विज्ञप्ति

माननीय रक्षामन्त्री श्री मानवीर राईसँग आज मिति २०८१ असोज २१ गते नेपालका लागि संयुक्त अधिराज्यका आवासीय महामहिम राजदूत Rob Fenn ले रक्षा मन्त्रालयमा शिष्टाचार भेट गर्नुभयो । भेटका अवसरमा नेपाल र बेलायतबीच सदियौंदेखि रहिआएको मैत्रीपूर्ण सम्बन्धलाई आगामी दिनमा अझ प्रगाढ बनाउँदै द्विपक्षीय हितलाई थप प्रवर्द्धन गर्ने विषयमा छलफल भयो।

माननीय रक्षामन्त्री श्री मानवीर राईले महामहिम राजदूतलाई मन्त्रालयमा स्वागत गर्नुहुँदै नेपाल र बेलायतबीच सरकारी स्तरमा मात्र नभई जनस्तरमा समेत घनिष्ठ र सौहार्दपूर्ण सम्बन्ध रहेको कुरा बताउनुभयो। संयुक्त अधिराज्य नेपालको एउटा पुरानो मित्र भएको र नेपालको आर्थिक, सामाजिक विकासमा संयुक्त अधिराज्य सरकारले विगतदेखि नै सहयोग उपलब्ध गराउँदै आएकोमा धन्यवाद व्यक्त गर्दै माननीय मन्त्रीज्यूले दुई देशबीच सहयोगका क्षेत्रहरू आगामी दिनमा थप फराकिलो हुँदै जाने विश्वास व्यक्त गर्नुभयो। शिष्टाचार भेटवार्ताका क्रममा उहाँले ब्रिटिस गोर्खाको इतिहास दुई देशबीचको सम्बन्धलाई प्रगाढ गराउने एउटा महत्त्वपूर्ण संयन्त्र भएको कुरा व्यक्त गर्दै गोर्खा कल्याणकारी कोष मार्फत नेपालका दुर्गम क्षेत्रमा हुने गरेका विभिन्न कल्याणकारी कार्यको प्रशंसा गर्नुभयो । साथै, दुई देशबीचका सेनाहरूबीच असल सम्बन्ध रहेको र बेलायत सरकारले नेपाली सेनालाई विभिन्न क्षेत्रमा उपलब्ध गराएको तालिम तथा प्रशिक्षणले नेपाली सेनाको क्षमता विकासमा महत्त्वपूर्ण सहयोग पुगेको विचार व्यक्त गर्नुभयो।

शिष्टाचार भेटका क्रममा संयुक्त अधिराज्यका महामहिम राजदूत Rob Fenn ले दुई देशबीच दुई सय वर्षदेखि मैत्रीपूर्ण सम्बन्ध कायम भएको बताउँदै यो सम्बन्धले निरन्तर नयाँ उचाइ लिँदै गएको विचार व्यक्त गर्नुभयो। नेपालले संयुक्त राष्ट्रसंघको आह्वानमा विश्वशान्ति स्थापना कार्यमा पुऱ्याएको योगदान विशिष्ट रहेको कुरा उल्लेख गर्नुहुँदै महामहिम राजदूतले नेपालको आर्थिक, सामाजिक र मानवीय विकासमा सहयोग गर्न संयुक्त अधिराज्य सरकार सदैव तत्पर रहेको विचार व्यक्त गर्नुभयो।

यसैगरी आजै नेपालका लागि संयुक्त राज्य अमेरिकाका आवासीय महामहिम राजदूत Dean R. Thompson ले माननीय रक्षा मन्त्री श्री मानवीर राई र रक्षा मन्त्रालयका सचिव श्री रामेश्वर दंगालसँग शिष्टाचार भेटघाट गर्नुभयो। उक्त भेटमा माननीय रक्षा मन्त्रीज्यूले दुवै देशबीचको सम्बन्ध आपसी सम्मान, समझदारी एवं पारस्परिक सहयोगमा आधारित रहेको कुरा बताउनुहुँदै दुई देशका सरकार तथा सेनाहरूबीच लामो समयदेखि मैत्रीपूर्ण सम्बन्ध कायम रहँदै आएको कुरा उल्लेख गर्नुभयो। उहाँले नेपालको आर्थिक, सामाजिक विकासमा अमेरिकी सरकारले पुऱ्याउँदै आएको सहयोग महत्त्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो। माननीय मन्त्रीज्यूले नेपाली सेनालाई विभिन्न प्राविधिक सहायता तथा तालिम/प्रशिक्षण प्रदान गरी नेपाली सेनाको क्षमता अभिवृद्धिका लागि अमेरिकी सरकारले उपलब्ध गराउँदै आएको सहयोगका लागि धन्यवाद दिनुभयो।

संयुक्त राज्य अमेरिकाका महामहिम राजदूत Dean R. Thompson ले संयुक्त राज्य अमेरिका र नेपाल बीचको सम्बन्ध सदैव सुमधुर रहँदै आएको र नेपालको आर्थिक सामाजिक विकासमा सहयोग पुऱ्याउन अमेरिकी सरकार सदैव सकारात्मक रहेको विचार व्यक्त गर्नुभयो। उहाँले नेपालले अन्तर्राष्ट्रिय शान्ति स्थापनामा पुऱ्याउँदै आएको योगदानको प्रशंसा गर्नुहुँदै संयुक्त राष्ट्रसंघको डिपार्टमेन्ट अफ पिस अपरेसन्समा सैनिक सल्लाहकार पदमा हालसालै नेपालले दिएको उम्मेदवारीलाई अमेरिकाले

नेपाल सरकार
# रक्षा मन्त्रालय

फोन नं.: ४२११२८९, ४२११२८७, ४२११४८७, ४२११२९०, ४२११०९५, ४२११६५३, ४२११२८५, ४२११२९६, ४२०००४४
फ्याक्स नं.: ४२११२९४
सिंहदरवार, काठमाडौं, नेपाल

नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

सकारात्मक रूपमा लिएको कुरा व्यक्त गर्नुभयो। उहाँले ग्लोबल पिस अपरेशनको सहकार्यमा नेपालले "अभ्यास शान्ति प्रयास-४" आयोजना गर्न सफल भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो। उहाँले विपद् व्यवस्थापन, मानवीय सहायता तथा नेपाली सेनाको हवाई क्षमता विकासका लागि अमेरिकी सरकारको तर्फबाट हुँदै आएको सहयोगलाई आगामी दिनमा थप विस्तार गर्दै जान अमेरिका सकारात्मक रहेको विचार व्यक्त गर्नुभयो।

शिष्टाचार भेटघाटको अवसरमा दुवै जना महामहिम राजदूतले नेपाल र आफ्नो देशबीच रहिआएको मैत्रीपूर्ण सम्बन्धलाई आफ्नो कार्यकालमा थप फलदायी र उपलब्धिमूलक बनाउन निरन्तर प्रयास गर्ने कुरा बताउनुभयो।

उक्त शिष्टाचार भेटका अवसरमा रक्षा मन्त्रालय तथा परराष्ट्र मन्त्रालयका अधिकारीहरूका साथै सम्बन्धित देशका राजदूतावासका सैनिक सहचारी लगायतका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो।

२०८१/०६/२१

(मनोज कुमार आचार्य)
सहसचिव/प्रवक्ता